# भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भंगहा, महोत्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :-०७४।०७५

चलानी नम्बर

मितिः २०७४।१२।२८

**विषयः-** सुचना टाँस गरी जानकारी पठाइ दिन हुन बारे ।

श्री भंगहा नगरपालिका,
वडा कार्यलय ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तर्गत रहेको बाजारहरुको ठेक्काको सुचना थान १ (एक) यसै साथ संलग्न गरी पठाएको छ । सुचना टाँस गरी सो को जानकारी पठाई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

०७४।१२।२८

सावन कुमार चौधरी
नि.प्रमुख प्रशासकिय अधिकृत

# भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भंगहा, महोत्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७४।०७५

चलानी नम्बर ४२९

मितिः २०७४।१२।२६

**विषयः-** बजारको ठेक्का सम्बन्धमा ।

श्री जो जससंग सम्बन्ध राख्दछ ।

उपर्युक्त सम्बन्धमा यस नगर कार्यालयको मिति ०७४/१२/१६ गते को निर्णयानुसर नगरपालिका अन्तरगत रहेको तपसिलका बजारहरु (शंकर बजार, गोरहन्ना बजार, मजरा बजार ,संगरामपुर बजार, राजपुर बजार , जमुनियाँ बजार र कविलासा बजार) तपसिलका शर्तहरु अन्तरगत ठेकका लगाईने भएकोले सम्भान्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## तपसील

१। ठेकका डाक बढाबढको माध्यमबाट लगाइनेछ ।

२। सबैभन्दा बढी डाक स्वीकार गर्ने ठेकेदारलाई ठेक्का दिइनेछ ।

३। बोल कबोल अंकको १०% ले हुने रकम नगद धरौटी राख्नुपर्नेछ ।

४। डाक स्वीकार गरेको कुल रकम ठेक्का लगेको दिन नै नगद जम्मा गरी चलन पुर्ज़ी लिनुपर्नेछ ।

५। नगद जम्मा नगरेको खण्डमा उक्त ठेकेदारको ठेक्का रद्द गरी ठेक्काको क्रममा रहेको वैकल्पिक ठेकेदारलाई ठेक्का दिइनेछ । साथै उक्त ठेकेदारको धरौटी समेत जफत गरिनेछ ।

६। बजार क्षेत्रमा सम्पूर्ण पसलहरुमा बट्टी लाग्नेछ ।

७। बजार ठेक्काको बाकी बक्यौता रकम बाकी राखी चुक्ता नगर्ने ठेक्केदारले ठेक्कामा भाग लिन पाउने छैन ।

८। ठेक्का नगरपालिका कार्यालयको बोर्ड प्रतिनिधिहरुको रोहवरमा लगाइनेछ ।

९। ठेक्काको म्याद २०७५ बैशाख देखि २०७५ चैत मसान्त सम्म (बार्ह महिना)रहनेछ ।

१०। ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार नगरपालिका कार्यालय भंगहामा निहित रहनेछ।

११। ठेक्कामा भाग लिने व्यक्ति नेपाली नागरिक हुनुपर्नेछ ।

नोट: बजार ठेक्का सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ ।

नोटः बजार ठेक्का सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ ।

## कानुन बोल कबोल अंक

१। शंकर बजार - २०,०००|-
२। गोरहन्ना बजार - ५०,०००|-
३। मजरा बजार - १०,०००|-
४। संगरामपुर बजार - ५०,०००|-
५। राजपुरर बजार - १०,०००|-
६। जमुनियाँ बजार - २०,०००|-
७। कविलासा बजार - १०,०००|-

डाक बढाबढ हुने स्थानः- भंगहा नगरपालिकाको कार्यालय
मितिः २०७५/१/६ गत्ते बिहिवार

सावन कुमार चौधरी
नि.प्रमुख प्रशासकिय अधिकृत